# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, चैत ४ गते २०४७ साल (संख्या ४८

## भाग ३

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

### निजामती सेवा (अट्ठाईसौं संशोधन) नियमावली, २०४७

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले, नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (अट्ठाईसौं संशोधन) नियमावली, २०४७" रहेको छ ।

(२) यस नियमावलीको नियम २०, २०४७ साल बैशाख १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र नियम ८,९ र १०, २०४८ साल बैशाख १ गतेदेखि र अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम २.५ मा संशोधनः निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.५ को उप-नियम (१) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायका प्रतिवन्धात्मक वाक्यांश राखिएको छ ।

"तर, स्थायी पूर्तिका लागि माग भएका पदमा उपयुक्त उम्मेदवार नपाइएको भनी लोक सेवा आयोगबाट लेखी आएमा त्यस्तो पदमा स्थायी पूर्ति भै नआएसम्म अस्थायी नियुक्ति गर्न सकिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीमा नियम २.६ थपः मूल नियमावलीको नियम २.५ पछि देहायको नियम २.६ थपिएको छः–

"२.६ कार्यविधि नपुऱ्याई नियुक्ति गर्न नहुनेः (१) लोक सेवा आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा नियुक्ति गर्दा नियुक्ति गर्ने अधिकारीले लोक सेवा आयोगबाट निर्धारित प्रकृया र शर्त पूरा गरिकन मात्र नियुक्ति गर्नुपर्नेछ।

(२) उप-नियम (१) बमोजिम नियुक्ति हुने पदमा निर्धारित प्रकृया र शर्त पूरा नगरी नियुक्ति गरेको अवस्थामा सो नियुक्ति अनियमित भएको छ भनी लोक सेवा आयोगबाट लेखी आएमा त्यसरी नियुक्ति भएको कर्मचारीलाई निजको परीक्षणकालको अवधिभित्र हटाउन सकिनेछ।

(३) उप-नियम (१) बमोजिम नियुक्ति हुने पदमा नियुक्ति गर्दा निर्धारित प्रकृया र शर्त पूरा नगरी नियुक्ति गरेमा नियुक्ति गर्ने अधिकारीलाई विभागीय सजाय गरिनेछ।"

४. मूल नियमावलीको नियम ३.१ मा संशोधन : मूल नियमावलीको नियम ३.१ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) र (ग) झिकिएका छन्।

५. मूल नियमावलीको नियम ३.३ मा संशोधन : मूल नियमावलीको नियम ३.३ को उप-नियम (८) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायबमोजिमको प्रति-वन्धात्मक वाक्यांश राखिएको छः–

"तर, राजपत्राङ्कित प्रथम श्रेणीको सह-सचिवस्तर वा अतिरिक्त सचिव-स्तर वा दुवै स्तरको पदमा गरी सात वर्षको सेवा अवधि पुगेको व्यक्ति विशिष्ट श्रेणीको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ।"

६. मूल नियमावलीको नियम ३.४ मा संशोधनः मूल नियमावलीको नियम ३.४ को उप-नियम (१) को खण्ड (ज) को उप-खण्ड (आ) को सट्टा देहायको उप-खण्ड (आ) राखिएको छः–

"(आ) बढुवा समिति बस्ने जिल्लाको प्रमुख जिल्ला अधिकारी– सदस्य"

७. मूल नियमावलीको नियम ३.५ मा संशोधन : मूल नियमावलीको नियम ३.५ को उप-नियम (७) मा देहायको स्पष्टीकरण थपिएको छः–

"स्पष्टीकरण : यस उप-नियमको प्रयोजनको लागि "हाल बहाल रहेको श्रेणी वा श्रेणीको तह" भन्नाले "कायम मुकायम भई काम गरेको श्रेणी वा श्रेणीको तहलाई समेत जनाउँछ।"

४३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम ५.१ मा संशोधन : मूल नियमावलीको नियम ५.१ को खण्ड (१) पछि देहायको खण्ड (१क) थपिएको छः–

"(१क) भैपरि आउने बिदा।"

९. मूल नियमावलीको नियम ५.२ मा संशोधन : मूल नियमावलीको नियम ५.२ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ।

"(१) निजामती कर्मचारीले प्रत्येक वर्ष ६ दिनमा नबढाई पर्व बिदा पाउन सक्नेछ।"

१०. मूल नियमावलीमा नियम ५.२क थप : मूल नियमावलीको नियम ५.२ पछि देहायको नियम ५.२क. थपिएको छः–

"५.२क. भैपरि आउने बिदा : (१) निजामती कर्मचारीले प्रत्येक वर्ष ६ दिन भैपरि आउने बिदा पाउन सक्नेछ।

(२) भैपरि आउने बिदा लिई बसेको निजामती कर्मचारीले पूरा तलब पाउनेछ।

(३) भैपरि आउने बिदा आधा दिन पनि लिन पाउनेछ।

स्पष्टीकरण : यस उप-नियमको प्रयोजनको लागि "आधा दिन" भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्छ।

(४) एक वर्षको भैपरि आउने बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाउने छैन।

(५) बिदा दिने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि भैपरि आउने बिदाको स्वीकृति दिन सक्नेछ।

तर त्यसरी भैपरी आउने बिदाको स्वीकृति दिएकोमा निजले बिदा दिए लिएको कुराको अभिलेख राख्न लगाउनु पर्नेछ।"

११. मूल नियमावलीको नियम ५.३ मा संशोधन : मूल नियमावलीको नियम ५.३ को उप-नियम (४) र (५) को सट्टा देहायको उप-नियम (४) र (५) राखिएका छन्ः–

"(४) घर बिदा एकसय पचास दिनसम्म सञ्चित गरी राख्न सकिनेछ।

(५) जुनसुकै व्यहोराले निजामती कर्मचारी नोकरीबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदा मध्ये बढीमा एकसय बीस दिनको



X 35

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घर बिदा बापत निजामती कर्मचारीले निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

तर, एकसय बीस दिनभन्दा बढी बिदा सञ्चित हुने निजामती कर्मचारीले सो बढी बिदा मध्ये प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदा मध्येबाट तीस दिनसम्मको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा एकमुष्ट लिन यस उप-नियमले बन्देज लगाएको मानिने छैन ।"

१२. मूल नियमावलीको नियम ५.४ मा संशोधन : मूल नियमावलीको ५.४ को, –

(१) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) निजामती कर्मचारीले पाउने बिरामी बिदा सञ्चित गर्न सक्नेछ र जुनसुकै व्यहोराले निजामती कर्मचारी नोकरीबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी बिदा बापत निजामती कर्मचारीले निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।"

(२) उप-नियम (३क) झिकिएको छ ।

१३. मूल नियमावलीको नियम ५.७ मा संशोधन : मूल नियमावलीको नियम ५.७ को उप-नियम (३क) को सट्टा देहायको उप-नियम (३क) राखिएको छः–

"(३क) तीन वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि निजामती कर्मचारीले अध्ययन बिदा पाउन सक्ने छैन ।

स्पष्टीकरणः यस नियमावली बमोजिम अस्थायी सेवा अवधि स्थायी नोकरीमा गणना भएको रहेछ भने यस उप-नियमको प्रयोजनको लागि सो अवधि समेत गणना गर्न सकिनेछ ।"

१४. मूल नियमावलीको नियम ५.८ मा संशोधन : मूल नियमावलीको नियम ५.८ को,–

(१) उप-नियम (३) मा रहेको "दश वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि निजामती कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन"

460



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने वाक्यांशको सट्टा "पाँच वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि निजामती कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन" भन्ने वाक्यांश राखिएको छ ।

(२) उप-नियम (३) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) पछि देहायको खण्ड (१क) थपिएकोछः–

"(१क) निजी प्रयासमा नेपाल अधिराज्य बाहिर अध्ययन गर्न जाने निजामती कर्मचारीले परीक्षणकाल समाप्त गरे पछि उप-नियम (१) को अधीनमा रही असाधारण बिदा पाउन सक्नेछ ।"

१५. मूल नियमावलीको नियम ५.९ मा संशोधन : मूल नियमावलीको नियम ५.९ को उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गयल हुने कर्मचारीको गयल भएको अवधि पन्ध्र दिनभन्दा बढी रहेछ भने त्यस्तो अवधिलाई निजले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी असाधारण बिदा जनाइनेछ ।"

१६. मूल नियमावलीको नियम ५.११ मा संशोधन : मूल नियमावलीको नियम ५.११ को,–

(१) खण्ड (क) मा रहेको "कर्मचारी र अञ्चलाधीशको" भन्ने शब्दहरूको सट्टा "कर्मचारीको" भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "अञ्चलाधीशले पर्व बिदा" भन्ने शब्दहरूको सट्टा "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (अ) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः–

"तर–

(१) अध्ययन बिदा र असाधारण बिदा श्री ५ को सरकार बाहेक अरू कुनै अधिकारीले दिन सक्ने छैन ।

(२) विभागीय प्रमुख, मूल अड्डा प्रमुख र अड्डा प्रमुखले पर्व बिदा र भैपरि आउने बिदा आफैं जनाई लिन सक्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. <u>मूल नियमावलीको नियम ५.१२ मा संशोधनः</u> मूल नियमावलीको नियम ५.१२ को उप-नियम (२) मा रहेका "पर्व बिदा" भन्ने शब्दहरूपछि "र भैपरि आउने बिदा" भन्ने शब्दहरू राखिएका छन् ।

१८. <u>मूल नियमावलीको नियम ६.३ मा संशोधनः</u> मूल नियमावलीको नियम ६.३ मा रहेको "आर्थिक" भन्ने शब्द झिकिएको छ ।

१९. <u>मूल नियमावलीको नियम ७.४ मा संशोधनः</u> मूल नियमावलीको नियम ७.४ को उप-नियम (५) झिकिएको छ ।

२०. <u>मूल नियमावलीको नियम ७.४ क. मा संशोधनः</u> मूल नियमावलीको नियम ७.४ क. को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ :–

"(१) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ सोही प्रतिशतको दुई-तिहाईका दरले सम्बन्धित श्रेणी वा श्रेणीभित्रको तहका निवृत्त कर्मचारीहरूको निवृत्तभरण रकम वृद्धि हुनेछ र निवृत्तभरणको न्यूनतम रकम बहालवाला कर्मचारीको तलब स्केलको शुरू अङ्कको आधा भन्दा कम हुने छैन ।"

२१. <u>मूल नियमावलीको नियम ७.५ मा संशोधनः</u> मूल नियमावलीको नियम ७.५ को उप-नियम (१क) को सट्टा देहायको उप-नियम (१क) राखिएको छः–

"(१क) निजामती कर्मचारीको विधुर पति वा विधवा पत्नीले पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उप-नियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

तर यस नियम बमोजिम निवृत्तभरण पाइरहेको कर्मचारीले दोहोरो निवृत्तभरण पाउने छैन ।"

२२. <u>मूल नियमावलीको नियम ७क. १ मा संशोधनः</u> मूल नियमावलीको नियम ७ क. १ को,–

(१) उप-नियम (१क) मा रहेका "र राजपत्राङ्कित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पदमा" भन्ने शब्दहरू झिकिएका छन् ।

४८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१क) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) मा रहेको "र उप-सचिव वा सो सरहको" भन्ने शब्दहरू झिकिएका छन् ।

२३. मूल नियमावलीको नियम ९.५ मा संशोधनः मूल नियमावलीको नियम ९.५ को उप-नियम (१) को,–

(१) खण्ड (ख) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) राखिएको छः–

"(ग) खण्ड (क) र (ख) बमोजिमको स्वीकृति राजपत्राङ्कित कर्मचारीको हकमा श्री ५ को सरकार र राजपत्रअनंकित कर्मचारीको हकमा विभागीय प्रमुखबाट दिइनेछ ।

तर, जिल्लास्तरीय कार्यालयको राजपत्रअनंकित कर्मचारीलाई त्यस्तो स्वीकृति सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले दिन सक्नेछ ।"

२४. मूल नियमावलीमा नियम ९.१३क. ९.१३ ख र ९.१३ ग. थपः मूल नियमावलीको नियम ९.१३ पछि देहायका नियम ९.१३क, ९.१३ख र ९.१३ग. थपिएका छन्ः–

"९.१३क. प्रदर्शन र हडताल गर्नमा प्रतिवन्धः निजामती कर्मचारीले देशको सार्वभौमसत्ता, अखण्डता, शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध, सार्वजनिक मर्यादा, अदालतको निर्णयको अपहेलना र कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन ।

९.१३ख. हडताल थुनछेक तथा घेराउ गर्नमा प्रतिवन्धः निजामती कर्मचारीले कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल, कलम बन्द, थुनछेक वा घेराउ गर्न वा शारीरिक तथा मानसिक उत्पीडबाट दवाव दिन वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन ।

९.१३ग. प्रतिनिधित्व गर्नमा प्रतिवन्धः निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेशद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, श्री ५ को सरकारबाट मान्यता प्राप्त निजामती कर्मचारीहरूको संगठनको तर्फबाट गरिने प्रतिनिधित्व र कर्मचारीको पदीय दायित्वको आधारमा गर्नुपर्ने कुनै कार्य गर्नमा यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।"

२५. मूल नियमावलीको नियम ६.१४ मा संशोधनः मूल नियमावलीको नियम ६.१४ को सट्टा देहायको नियम ६.१४ राखिएको छः–

"६.१४ निर्वाचनमा भाग लिन नहुनेः निजामती कर्मचारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निम्ति मत माग्न वा कुनै प्रकारको आफ्नो प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।"

२६. मूल नियमावलीको नियम ६.१५ मा संशोधनः मूल नियमावलीको नियम ६.१५ को सट्टा देहायको नियम ६.१५ राखिएको छः–

"६.१५ निजामती कर्मचारीहरूको संगठनको सदस्यताः (१) कुनै पनि निजामती कर्मचारीले प्रचलित कानून बमोजिम दर्ता नभएको र श्री ५ को सरकारद्वारा मान्यता नपाएको निजामती कर्मचारीहरूको कुनै संगठनको सदस्य बन्नु हुँदैन ।

(२) कुनै पनि राजपत्राङ्कित निजामती कर्मचारी कर्मचारीहरूको कुनै संगठनको सदस्य बन्नु हुँदैन ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारी आफ्नो पेशागत संस्था (जस्तै मेडिकल एशोसिएशन, इन्जिनियरिङ एशोसिएशन आदि) को सदस्य बन्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।"

२७. मूल नियमावलीको नियम १०.२ मा संशोधनः मूल नियमावलीको नियम १०.२ को उप-नियम (२) को,–

(१) खण्ड (क) र (ख) को तेस्रो र चौथो र पाँचौं महल को ठाउँ ठाउँमा प्रयोग भएका "अञ्चलाधीश" भन्ने शब्द र "स्थानीय अञ्चलाधीश"

५६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने शब्दहरूको सट्टा "विभागीय प्रमुख" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ग) र (घ) झिकिएका छन् ।

२८. मूल नियमावलीको नियम १०.६ मा संशोधनः मूल नियमावलीको नियम १०.६ को खण्ड (ङ) झिकिएको छ ।

२९. खारेजीः मूल नियमावलीको नियम ५.४ को उप-नियम (९), नियम ६.७ र नियम ६.१२ खारेज गरिएका छन् ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

## निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगको मिति २०४७।११।३ को निर्णय अनुसार यस आयोगमा नाम दर्ता गरिएका देहायका राजनैतिक संगठन वा दलको नामावली प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २३ बमोजिम प्रकाशित गरिएको छ ।

१. नेपाल कम्युनिष्ट पार्टी (प्रजातन्त्रवादी)
२. नेपाली कांग्रेस
३. राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)
४. नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा
५. पंचायत प्रजातन्त्र पार्टी
६. नेपाल जनता दल
७. कन्जरभेटिव पार्टी
८. नेपाल सर्वोदय समाजवादी पार्टी
९. जनता दल (स. प्र.)
१०. अखिल नेपाल सर्वपक्षीय राजनैतिक एकता पार्टी (एकता पार्टी)
११. नेपाल राष्ट्रिय लोकतान्त्रिक दल
१२. नेपाल जनहित पार्टी
१३. नेपाल सद्भावना पार्टी
१४. राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा)
१५. संयुक्त प्रजातन्त्र पार्टी नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी र लेनीनवादी)
१७. राष्ट्रिय जनता पार्टी (नेपाल)
१८. नेपाल राष्ट्रिय जनयुवा प्रजातन्त्र पार्टी
१९. नेपाल प्रजापरिषद्
२०. स्वतन्त्र नेपाल प्रजातन्त्र पार्टी
२१. शान्ति पार्टी नेपाल
२२. बहुजन जनता दल
२३. पिपुल्स प्रोग्रेसिभ पार्टी
२४. नेपाली जनता पार्टी
२५. नेपाल कम्युनिष्ट पार्टी (वर्मा)
२६. जनवादी मोर्चा नेपाल
२७. नेपाल कम्युनिष्ट पार्टी (अमात्य)
२८. राष्ट्रिय जनराज्य परिषद्
२९. राष्ट्रिय प्रजातान्त्रिक एकता पञ्चायत पार्टी
३०. नेपाल मजदूर किसान पार्टी
३१. नेपाली राष्ट्रिय काँग्रेस
३२. संयुक्त जनमोर्चा, नेपाल
३३. नेपाल राष्ट्रिय जन पार्टी
३४. राष्ट्रिय जनता पार्टी (एच)
३५. नेपाल जनवादी मोर्चा
३६. सोसियल डेमोक्रेटिक पार्टी
३७. सोसियलिष्ट इन्साफ पार्टी
३८. नेपाल पञ्चायत परिषद्
३९. लिबरल डेमोक्रेटिक पार्टी
४०. समाजवादी गरीब पार्टी
४१. अन्तराष्ट्रियतावादी डेमोक्रेटिक पार्टी
४२. दलित मजदूर किसान पार्टी
४३. नेपाल पुष्प दल
४४. सद्भावना समाजवादी दल

आज्ञाले,
अच्युतनारायण राजभण्डारी
निर्वाचन आयोगको सचिव

४६६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार